प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०३/२८

(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा भएका कोभिड-१९ संक्रमितहरुको सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन कार्य (काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) भईरहेको छ।
- आज चितवनमा ५, काठमाण्डौमा ५, सिन्धुपाल्चोकमा १, मकवानपुरमा २, ललितपुरमा १ र सिन्धुलीमा १ गरी बागमती प्रदेशमा थप १५ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब ५ प्रतिशत (४.७%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बचनको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १६८०१ (१००%) | ७९९ (१००%) |
| निको भएको | ८५८९ (५१.१%) | ३२८ (४१%)* |
| उपचाररत | ८१७४ (४८.६%) | ४६२ (५७.८%)* |
| मृत्यु भएको | ३८ (०.३%) | ९ (१.२%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०३/२८


* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

- बागमती प्रदेशमा मिति २०७७/०३/२७ सम्मको कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छ:




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०३/२७

- बागमती प्रदेशमा मिति २०७७/०३/२७ सम्मको कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको अनुपातको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०३/२७

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण

बागमती प्रदेशमा जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण यस प्रकार रहेको छः

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | |
| काठमाण्डौ | 1363 | 251 | 82 | 270 | 133 | 10312 | 10010 | 302 | 5048 | **232** | * |
| ललितपुर | 345 | 31 | 80 | 221 | 174 | 4630 | 4575 | 55 | 2538 | **70** | |
| भक्तपुर | 313 | 52 | 21 | 42 | 2 | 2192 | 2178 | 14 | 1746 | **44** | |
| रसुवा | 277 | 49 | 0 | 35 | 0 | 626 | 614 | 12 | 131 | **11** | |
| नुवाकोट | 1224 | 200 | 246 | 28 | 9 | 2995 | 2854 | 141 | 636 | **30** | |
| धादिङ | 1134 | 138 | 232 | 128 | 8 | 2987 | 2845 | 142 | 1173 | **129** | |
| चितवन | 2465 | 714 | 0 | 302 | 76 | 1825 | 1810 | 15 | 5605 | **105** | |
| सिन्धुली | 430 | 138 | 30 | 24 | 3 | 1190 | 1157 | 33 | 801 | **21** | |
| मकवानपुर | 406 | 94 | 525 | 35 | 9 | 1876 | 1856 | 20 | 1376 | **3३** | |
| रामेछाप | 509 | 114 | 0 | 75 | 3 | 892 | 884 | 8 | 444 | **33** | |
| दोलखा | 1185 | 53 | 1 | 41 | 0 | 1658 | 1652 | 6 | 296 | **9** | |
| काभ्रे | 851 | 184 | 108 | 27 | 2 | 2577 | 2538 | 39 | 519 | **16** | |
| सिन्धुपाल्चोक | 908 | 191 | 83 | 70 | 24 | 1410 | 1398 | 12 | 1169 | **66** | |
| **जम्मा** | **11410** | **2209** | **1408** | **1298** | **443** | **35170** | **34371** | **799** | **21482** | **79९** | |

श्रोत ; पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार, *हिजो मृत्यु भएको केस जिल्लागत विवारणमा समावेश नगरिएकोले आज सच्याइएको

हाल सम्म बागमती प्रदेशमा ११४१० वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरेकोमा अहिले २२०९ जना बस्दै आउनुभएको र १४०८ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १२९८ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ४४३ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३५१७० जनाको आर डी टी परिक्षण गरिएकोमा ७९९ जनाको पोजेटिभ आएको छ र २१४८२ जनाको पि सि आर परिक्षण गरिएको छ।

## ❖ हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

हालसम्म प्राप्त स्वाबको संख्या —९८८७

आज प्राप्त स्वाब संख्या – ३४९

आज परिक्षण भएको स्वाबको संख्या — २३६

आज परिक्षण भएको स्वाबको नतिजा —

पोजिटिभ– १२

नेगेटिभ– २२४

परिक्षण हुने क्रममा रहेको स्वाबको संख्या — १३९

हिजो परिक्षण हुने क्रममा रहेको र आज परिक्षण भईसकेको स्वाब (नमुना) गरी सिन्धुलीको १, मकवानपुरको २ र रौतहटको ९ गरी जम्मा १२ नमुनाको नतिजा पोजिटिभ आएको छ ।

## ❖ महत्वपूर्ण अपडेट तथा थप जानकारीको सम्बन्धमा

- कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः
- सामाजिक विकास मन्त्रालय बागमती (MOSD): **http://mosd.p3.gov.np/**
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (MOHP): **https://covid19.mohp.gov.np/**
- स्वास्थ्य आपतकालीन व्यवस्थापन केन्द्र (HEOC): **heoc.mohp.gov.np/**
- इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD): **edcd.gov.np/**

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई